भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्गेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०९/०७ गते आ.व.२०८२/०८३ को छैंठौ बैठकमा छलफलका प्रस्ताव/ऐजेण्डाहरु

प्रस्ताव/एजेण्डाहरुः-

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको पाँचौ बैठकको समीक्षा सम्बन्धमा ।

२. १७ औं नगर सभा सम्बन्धमा ।

३. आ.ब. २०८२/०८३ को अर्धबार्षिक प्रगति सम्बन्धमा।

४. आ.ब. २०८२/०८३ को विनियोजन ऐन, आर्थिक ऐनको समिक्षा सम्बन्धमा।

५. स्थानीय तह मूल्याङ्कन एवं स्वमूल्याङ्कन प्रणाली (LISA, FRA, LED, LPAS) सम्बन्धमा।

६. करार सेवामा कार्यरत कर्मचारी सम्बन्धमा।

७. कोट कालिका देउराली डाँडा पूर्वाधार निर्माण सम्बन्धमा।

८. आर्थिक सहायता कार्यबिधि- २०८२

९. विविध विषयका सम्बन्धमा ।

आनन्द राज त्रिपाठी
प्रमुख

आज मिति २०८२ साल पौष ७ गते सोमबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८२/०८३ को छैटौं बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

<u>उपस्थितिः</u>

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
४. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
५. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
६. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
७. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
८. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
९. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
१०. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
११. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१२. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१३. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१४. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१५. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१६. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१७. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१८. श्री प्रविना थापा मगर (का.पा. सदस्य
१९. श्री रविन भुजेल (का.पा. सदस्य)
२०. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२१. श्री सावित्री सुनार (का.पा. सदस्य)
२२. श्री सकिना खातुन (का.पा. सदस्य)
२३. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)
२४. श्री सुरज श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत (सदस्य-सचिव)

<u>अन्य उपस्थितिः</u>

२५. श्री राजिव घिमिरे (सूचना प्रविधि अधिकृत)
२६. श्री अमृता बस्नेत (सहायक प्रशासकीय अधिकृत)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)
२८. श्री चिरञ्जिवी ढकाल (जि.स.स सदस्य)
२९. श्री सुष्मा राना (वडा सदस्य, भानु-१२)
३०. श्री हर्क बहादुर थापा क्षेत्री (भानु-४, का.व.-अध्यक्ष)
३१. श्री सुदिप के.सि. (भानु-१२, वडा सदस्य)
३२. श्री रजिता कार्की (का.से. भानु-१२)
३३. श्री दिप मजकोटी (
३४. श्री सुनिता लम्साल (
३५. श्री सोरजंग अधिकारी (सं प्र.अ. जिल्ला तनहुँ)
३६. श्री मनिषा श्रेष्ठ (व्यावसायिक सहजकर्ता)

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०९/०७ गते बसेको आ.व.२०८२/०८२ को छैठौं बैठक

प्रस्तावः-

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको पाँचौ बैठकको समीक्षा सम्बन्धमा ।
२. १७ औं नगर सभा सम्बन्धमा ।
३. आ.व.२०८२/०८३ को अर्धवार्षिक प्रगती समीक्षा सम्बन्धमा ।
४. आ.व.२०८२/०८३ को विनियोजन ऐनको समीक्षा सम्बन्धमा ।
५. स्थानीय तह मूल्याङ्कन एवं स्वमूल्याङ्कन प्रणाली (LISA, FRA, LED, LPAS) सम्बन्धमा ।
६. करार सेवामा कार्यरत कर्मचारी सम्बन्धमा ।
७. कोट कालिका देउराली डाँडाँ पूर्वाधार निर्माण सम्बन्धमा ।
८. आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।
९. विविध विषयका सम्बन्धमा ।

निर्णय नं.१ भानु नगरकार्यपालिकाको आ.व. २०८२/०८३ को पाँचौं कार्यपालिका बैठकको ,निर्णयहरुको समीक्षा गरियो ।

निर्णय नं.२ भानु नगरपालिकाको सत्रौं नगर सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिलः

- मितिः २०८२/०९/२९ गते
- समयः बिहान ठिक ११:०० बजे
- स्थानः भानु नगरपालिकाको सभाहल, फुस्रेटार ।

निर्णय नं.३ भानु नगरपालिकाको सम्पूर्ण शाखासँग आ.व.२०८२/०८३ को अर्धवार्षिक प्रगती विवरण तयार गरी नगरसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं.४ भानु नगरपालिकाको आ.व.२०८२/०८३ को विनियोजन ऐन, २०८२ को संशोधनको लागि छलफल गरी नगरसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं.५ सार्वजनिक सेवा तथा क्षमता विकास समितिको मिति २०८२/०९/११ गतेको निर्णयानुसार भानु नगरकार्यपालिकाको कार्यालयको तपसिल बमोजिमको पद/दरबन्दीमा कार्यरत कर्मचारीहरु असार मसान्त सम्म करार सेवाको म्याद थप गर्नका लागि सिफारिस गरे बमोजिम करार सेवामा

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



२०८२/०९/०७
आनन्द राज त्रिपाठी
प्रमुख

कार्यरत कर्मचारीहरुको २०८३ असार मसान्त सम्म म्याद थप गर्न नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | पद | नाम/संख्या | कैफियत |
|---|---|---|---|
| १ | मेडिकल अधिकृत | १ | |
| २ | प्राविधिक सहायक | १ | |
| ३ | सहायक चौथो/प्रशासन | ४ | |
| ४ | असिष्टेन्ट सब इन्जिनियर | १ | |
| ५ | सर्वेक्षक | १ | |
| ६ | अमिन | २ | |
| ७ | कृषि प्राविधिक (ना.प्र.स.) | १ | |
| ८ | नायब पशु सेवा प्राविधिक | ३ | |
| ९ | अ.न.मी. | ११ | |
| १० | अ.हे.व. | १८ | |
| ११ | डार्क रुम असिष्टेन्ट | २ | |
| १२ | ल्याब असिष्टेन्ट | २ | |
| १३ | नगर प्रहरी सहायक निरिक्षक | १ | |
| १४ | नगर प्रहरी जवान | ४ | |
| १५ | सवारी चालक | ४ | |
| १६ | कार्यालय सहयोगी | ४३ | |

निर्णय नं.६ भानु नगरपालिका वडा नं.१२ ज्यामरुक कोटको पर्यटन विकास सम्बन्धमा बाइसे चौबिसे राज्य अन्तर्गत तनहुँ जिल्लाको २२ थुमहरु मध्ये कोटमा अवस्थित ज्यामरुक कोट गढिको जिर्णोद्धार सल्लाघारी भित्र पिकनिक स्पोंट निर्माण सल्लाको विरुवाहरु वृक्षारोपण, कोटकालिका मन्दिर परिसरको भौतिक संरचना निर्माण, विद्युतीकरण कार्यको लागि पहुँच मार्गलाई प्राथमिकताका साथ सो स्थानको पर्यटन प्रवर्द्धनको लागि आगामी आ.व.२०८३/८४ को नीति तथा कार्यक्रममा समावेश गर्नुका साथै सम्बन्धित निकायहरुमा प्राथमिकता साथ आवश्यक बजेट विनियोजनको लागि पहल गर्ने निर्णय गरियो ।

निर्णय नं.७ आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२ को परिच्छेद ३ को दफा ९ मा रहेको अनुगमन समितिमा नगरप्रमुखले तोकेको २ जना सदस्य रहने व्यवस्था सहित आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२ सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्गेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं.८ विविध विषयमा सम्बन्धमा ।

क) भुजेल समाज सेवा समिति, तनहुँले भुजेल जातीको भाषा, संस्कार, संस्कृती र रितिरिवाज सम्बन्धी डकुमेन्टी चलचित्र निर्माण गर्न लागेको र उक्त कार्यको लागि मिति २०८२/०८/२८ गतेको पत्र मार्फत आर्थिक सहायता माग गरेको हुदाँ ३०,०००। (अक्षेरुपी तीस हजार मात्र) रकम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ख) भानु नगरपालिका वडा नं.४ का इसाइ धर्मालम्बीहरुको महान पर्व क्रिसमस पर्वको लागि भानु नगरपालिकास्तरीय इसाई धर्मालम्बीहरुको लागि विविधं कार्यक्रम बाट रु.३०,००० (अक्षेरुपी तीस हजार मात्र) आर्थिक सहायता गर्ने निर्णय गरियो ।

ग) भानु नगरपालिका स्थित निर्जला टोल विकास संस्थालाई रु.२०,०००। (अक्षेरुपी बीस हजार मात्र) बराबरको कुर्सी खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

घ) बन्दिपुर गाउँपालिका वडा ३ निवासी चित्त बहादुर थापाको देब्रे खुट्टा गुमाएकोले एउटा खुट्टाले मात्र हिडडुल गर्नुपर्ने अवस्था रहेकोले आवतजावत गर्न अत्यन्त असुविधा र असहज भएकोले चार पाग्रे स्कुटी खरिद गर्नका लागि निजलाई ३०,०००। (अक्षेरुपी तीस हजार मात्र) रकम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ङ) भानु नगरपालिका कार्यपालिकाको कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधिं, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

च) भानु नगरपालिका ४ वडा स्थित लक्ष्मी बचत तथा ऋण सहकारी संस्था छानविन गर्नको लागि तपसिल बमोजिमको छानविन टोली गठन गर्ने निर्णय गरियो ।

तपसिलः

- संयोजक - श्री अमृत बगाले, लेखा विज्ञ, भानु ८
- सदस्य - श्री भूमिका श्रेष्ठ, न्यायिक सहजकर्ता, भानु न.पा.
- सदस्य - श्री भगवती शर्मा, सहकारी शाखा प्रमुख/निजको जिम्मेवारी प्राप्त कर्मचारी ।

छ) कृषि अनुसन्धान, प्रविधि विकास, नवप्रवर्तन, उत्पादन प्रणाली सुदृढीकरण तथा किसानको आयआर्जन वृद्धि गर्ने उद्देश्यले भानु नगरपालिका र नेपाल कृषि अनुसन्धान परिषद् (NARC) बीच आपसी सहकार्य र समन्वयका लागि समझदारी (MOU) गर्ने निर्णय गरीयो।

ज) भानु नगरपालिका वडा नं.१२ स्थित तपसिलका मोटर मार्गलाई पक्की मोटर मार्ग सम्मानीय राष्ट्रिय ज्यू, सम्माननीय प्रधानमन्त्री ज्यू, संघीय भौतिक पूर्वाधार मन्त्रालय, शहरी विकास मन्त्रालय, मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश एवं भौतिक पूर्वाधारं मन्त्रालयलाई समेत उल्लेखित मोटर मार्ग स्तरोन्नती (कालो पत्र समेत) का लागि आगामी योजनामा समावेश गर्नको लागि अनुरोध गर्ने निर्णय गरियो ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



आनन्द राज त्रिपाठी
प्रमुख

तपसिलः

- गाउँसेवा मोटर मार्ग (भानु १२ वडा कार्यालय पहुँच मार्ग-प्राथमिकता)
- भि.सी. मार्ग
- विरेन्द्र मोटर मार्ग
- मिर्जुग पर्यटन मोटर मार्ग
- भानु मार्ग डुम्रे सेपा बगैंचा चन्द्रावती सम्जुर पोखरीछाप हुदैं वयापानी राईपाली भञ्जायङ्ग हुदैं चोक डुम्रे बेसिशहर जोडने मोटर मार्ग (भानु रिङरोड चक्रपथ मोटर मार्ग)
- मिर्लुङकोट भानु मार्गदेखि कोट सम्म पुग्ने मोटर मार्ग ।

झ) विपिवाद पुस्तक खरिदको लागि रु. ३०,०००। (अक्षेरुपी तीस हजार मात्र) आर्थिक सहायता गर्ने निर्णय गरियो ।

ञ) भानु नगरपालिका वडा नं.२ को कुमाल जातीको कुल मन्दिर निर्माणको लागि रु.२०,०००।(अक्षेरुपी बीस हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ट) भानु नगरपालिका वडा नं.१२ ढाडेखोला खानेपानी आयोजनाको लागि पाइप, खरिद गर्न रु.३०,०००।(अक्षेरुपी तीस हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ठ) भानु नगरपालिका वडा नं.८ स्थित मुक्तेश्वर मन्दिर वरपर रहेको जिर्ण रुखहरुका (बल्ढेङ्ग्रो ४, पड्के ६ र आँप १ वटा) हाँगाहरु जुनसुकै बेलामा भाचिन, ढल्न गई मन्दिर र मन्दिरमा जाने भक्तजनहरु र चौपायहरुलाई समेत क्षति पुर्‍याउन सक्ने हुदाँ उक्त रुखहरु कटान गरी हटाउनका लागि डिभिजन वन कार्यालयसँग समन्वय तथा आवश्यक प्रकृया अविलम्ब अगाडी बढाउने निर्णय गरियो।

ड) भानु नगरपालिका वडा नं.१२ केउरेनी लिफ्टिङ खानेपानी आसपासमा रहेका खानेपानीलाई क्षति गर्ने किसिमका कु-काठहरु कटान गर्ने निर्णय गरियो ।

ढ) भानु वडा नं.१२ आहाले केउरेनी लिफ्टिङ खानेपानी मेसिन मर्मतको लागि प्राविधिक लागत इस्टिमेट एवं आवश्यक विल भरपाइ तथा कागज पत्र बमोजिम मर्मत गरी भुक्तानी दिने निर्णय गरियो ।

ण) भानु नगरपालिका वडा नं.३ कल्लेरी कृषि फर्मको लागि आवश्यक पाइप तथा अन्य कृषि सामग्री खरिदको लागि रु.३०,०००।(अक्षेरुपी तीस हजार मात्र) दिने निर्णय गरियो ।

त) भानु नगरपालिका वडा नं.३ मा मिति २०८२/०८/१३ गते आयोजना गरिएको निःशुल्क मुटु रोग स्वांस्थ्य शिविरमा सामुदायिक विद्यालयका विधार्थीलाई आवतजावतमा प्रयोग भएको सवारी साधनको भाडा भानु नगरपालिका वडा नं.३ को वडा व्यवस्थापन तथा विविध शिर्षकबाट रु.१५,०००। (अक्षेरुपी पन्ध्र हजार मात्र) दिने निर्णय गरियो ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुर्टेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

थ) भानु नगरपालिका वडा नं.९ बाथरोग, युरिक एसिडको परीक्षण तथा औषधी वितरण र सामान्य स्वास्थ्य परीक्षण गर्ने प्रयोजनको लागि सन्चालन गरिने स्वास्थ्य शिविरको लागि रु.३०,०००। (अक्षेरुपी तीस हजार मात्र) आर्थिक सहायता गर्ने निर्णय गरियो ।

द) भानु नगरपालिकाको क्षेत्रभित्र राष्ट्रकवि आदिकवि भानुभक्त आचार्यको साहित्यिक योगदानको संरक्षण, प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान स्थापित गर्ने उद्देश्यले निर्माणाधीन *भानु साहित्य उद्यान*का सम्बन्धमा यस नगरपालिकाद्वारा अगाडि बढाइएका कार्यहरू: अवधारणापत्र स्वीकृति, चार सय रोपनीभन्दा बढी जग्गा अधिग्रहण, कलाकारद्वारा गुरुयोजनाको प्रारूप निर्माण, भानुभक्तको स्वल्पाकार मूर्ति निर्माण, मूर्तिवाटिकाको डिपिआर तयारी, योजनास्थलको टोपोग्राफिक सर्भे सम्पन्न तथा गुरुयोजना तर्जुमा गर्न *मुनलाइट, नियात्रा, डिआरएमएस संयुक्त प्रयास*लाई परामर्शदाताका रूपमा छनोट गरिएको बेहोरा समेतलाई मध्यनजर गर्दै;

अन्तर्राष्ट्रिय मापदण्डअनुसार गुरुयोजना तयार गर्न प्रारम्भदेखि नै नयाँ शहर आयोजना कार्यालय, डुम्रे भन्सारसँग समन्वय तथा परामर्श लिइएको, गुरुयोजनालाई प्राविधिक दृष्टिले सबल बनाउन शहरी विकास मन्त्रालयसँग अनुरोध गरिएको र सो मन्त्रालयअन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागको नयाँ शहर आयोजना समन्वय कार्यालयद्वारा सम्बन्धित संस्था तथा विज्ञहरूसँग परामर्श गरी गुरुयोजनालाई प्राविधिक रूपमा परिष्कृत गरिएको तथ्यलाई समेत आधार मानी;

परामर्शदाताद्वारा तयार पारिएको गुरुयोजना सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसमक्ष प्रस्तुत गरी आवश्यक सल्लाह तथा परामर्शसमेत प्राप्त भइसकेको सन्दर्भमा;

**देहाय बमोजिम निर्णय गरियो:**

- मुनलाइट, नियात्रा, डिआरएमएस J/V परामर्शदाताले नगरपालिकामा पेश गरेको **भानु साहित्य उद्यानको गुरुयोजना यसै बैठकबाट स्वीकृत गर्ने।**
- स्वीकृत गुरुयोजनालाई अविलम्ब कार्यान्वयन प्रक्रियामा लैजानका लागि सरकारद्वारा शहरी विकास मन्त्रालय अन्तरगत बजेट विनियोजन गरिएको हुदाँ आवश्यक समन्वय, प्राविधिक स्वीकृति तथा सहकार्यका निम्ति **शहरी विकास तथा भवन निर्माण विभाग** समक्ष पेश गर्ने।
- गुरुयोजनाको अभिन्न अङ्गका रूपमा **चुँदी बेसीदेखि रम्घाको शिखरसम्म पुग्ने पहुँच मार्ग स्तरोन्नति** गर्ने विषयलाई प्राथमिकताका साथ अघि बढाउन शहरी विकास तथा भवन निर्माण विभागसमक्ष सिफारिस गर्ने।
- यस निर्णयको जानकारी तथा कार्यान्वयनका लागि सम्बन्धित सबै निकायमा निर्णय प्रतिलिपि पठाउने।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

ध) जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) ले मिति २०८२/०९/०६ बेलायत सरकार Darnwin Intiative को सहयोगमा "Upscaling Pollination to Enhance Biodiversity and Human Welfare in Nepal" शीर्षकको Nepal Pollination Project (NPP) सन २०२५ अक्टोबर देखि २०२९ सेप्टेम्बर सम्मको लागि यस नगरपालिकाका साना कृषकहरु विशेष गरी मौरी पालन कृषकहरुको दिगो जिविकोपार्जनका लागि व्यवसायिक मौरी पालन तथा परागसेचन व्यवस्थापनको लागि नेपाल परागसेचन परियोजना (NPP) सञ्चालनको लागि अनुमती माग गरेको हुदाँ उक्त संस्थालाई व्यवसायिक मौरी पालन तथा परागसेचन व्यवस्थापनको लागि नेपाल परागसेचन परियोजना (NPP) सञ्चालनको लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख